यस व्यास नगरपालिकाको १६९ औं बैठक आज मिति २०८०/४/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०८०/३/२४ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: भुक्तानी दिन बाँकी रकम सम्बन्धमा ।
प्रस्ताव नं.३: योजना कार्यान्वयन, कार्य तालिका सम्बन्धमा ।
प्रस्ताव नं.४: विषयगत समितिहरु पुर्नगठन सम्बन्धमा ।
प्रस्ताव नं.५: कृषि व्यवसाय प्रवर्द्धन समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: राजश्व संकलन सम्बन्धमा ।
प्रस्ताव नं.७: नदीजन्य सामग्री बिक्रीको लागि टेण्डर प्रकृया अगाडी बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.८: नगरको लोक कल्याणकारी विज्ञापन सहयोग कार्यविधि निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.९: लामो समय काम गर्ने करार कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.१०: पेशागत सहायता निर्देशिका, २०८० सम्बन्धमा ।
प्रस्ताव नं.११: कक्षा ११ को पठन-पाठन दिउँसो सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: प्रहरी इकाई घरभाडा सम्बन्धमा ।
प्रस्ताव नं.१३: भूमि इकाइमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१४: करार कर्मचारी स्वेच्छिक रुपमा कर्मचारी संचयकोष व्यस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: मानसिक उपचार आर्थिक सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१६: विपदजन्य अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१७: भाडादर कायम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: साबुन, सरफ तालिम सम्बन्धमा ।
प्रस्ताव नं.१९: विद्यालय प्राध्यापक तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: गर्भवती पोषण कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२१: विद्युत विस्तार सम्बन्धमा ।
प्रस्ताव नं.२२: चुन ढुङ्गा बिक्री वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२३: गरिबी तथ्याङ्क संकलन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: टोल विकास समिति पुर्नगठन सम्बन्धमा ।
प्रस्ताव नं.२५: आर्थिक सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.२६: लागू औषध दुर्व्यसनी सम्बन्धमा ।
प्रस्ताव नं.२७: डेंगी रोग प्रकोप नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.२८: कृषिउपज संकलन केन्द्र सम्बन्धमा ।
प्रस्ताव नं.२९: आयुर्वेदिक पसल अनुगमन सम्बन्धमा ।
प्रस्ताव नं.३०: क्लब, संघ संस्था दर्ता नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.३१: दर्ता सूचिकृत प्रमाण पत्र सम्बन्धमा ।
प्रस्ताव नं.३२: साझेदारी विकास कोष सञ्चालन कार्यविधिमा संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.३३: आ.व.२०८०/०८१ को जिल्ला दररेटलाई लागू गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३४: संघीय बजेटमा शिक्षक कर्मचारीलाई थप तलब सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.३५: डि.जि.पि.एस. मेसिन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.३६: सर्भेयरलाई काममा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.३७: घुम्ती शौचालय सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.३८: मक, डस्ट सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१** : प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/३/२४ को बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.०७९/०८० को क्रमागत योजनाहरु र भुक्तानी दिनुपर्ने योजनाहरुको समिक्षा गरियो ।काम सकी भुक्तान दिन बाँकी रहेका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखी भुक्तान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ को योजना तथा पूर्वाधार शाखाले पेश गरेको योजना कार्यान्वयन कार्य तालिका पारित गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विषयगत समितिहरुलाई पुर्नगठन गर्न ३९ औं नगरसभाबाट कार्यपालिकालाई अधिकार प्रत्यायोजन भएको र विषयगत समितिको कार्यक्षेत्रका बारेमा स्पष्ट गर्नुपर्ने भन्ने विषयगत समितिको संयोजकहरुको जिज्ञासा रहेकाले कार्यक्षेत्र निम्नानुसार रहेको र विषयगत समितिमा निम्नानुसार सामान्य पुर्नगठन गर्ने निर्णय गरियो ।

**(क) विषयगत समितिको कार्यक्षेत्र सम्बन्धमा :**

(१) **आर्थिक विकास समिति :** कृषि, पशुपंक्षी, उद्योग तथा वाणिज्य, रोजगार (वैदेशिक रोजगार समेत) पर्यटन, सहकारी, वित्तिय क्षेत्र ।

(२) **सामाजिक विकास समिति :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।

(३) **पूर्वाधार विकास समिति** : सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिँचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) सञ्चार ।

(४) **वन,वातावरण तथा विपद व्यवस्थापन समिति :** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन ।

(५) **सुशासन तथा संस्थागत विकास समिति:**: मानव संशाधन विकास, संस्थागत विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहको मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन, राजश्व परिचालन, वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण, अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्र्यौट, सूचना तथा सञ्चार व्यवस्थापन ।

**(ख) विषयगत समितिहरु :**

१. आर्थिक विकास समिति
२. सामाजिक विकास समिति
३. वन, वातावरण तथा विपद व्यवस्थापन समिति
४.सुशासन तथा संस्थागत विकास समिति
५. विद्यायन समिति
६. पूर्वाधार विकास समिति

**१. आर्थिक विकास समिति :**

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | वडाध्यक्ष, श्री रमेशचन्द्र हड्खले व्यास १ | संयोजक | ९७४८४३४९०१ |
| २. | वडाध्यक्ष, जीवन गुरुङ्ग, व्यास ६ | सदस्य | ९८५६०६०२९८ |
| ३. | वडाध्यक्ष, विष्णुकुमार श्रेष्ठ, व्यस ५ | सदस्य | ९८५६०६०४९६ |
| ४. | कार्यपालिका सदस्य, श्री ज्ञानुमाया सुनार, व्यास ९ | सदस्य | ९८४६४३६३६२ |
| ५. | कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखा प्रमुख श्री मनोज विश्वकर्मा | सदस्य | ९८६०३८७४०६ |
| ६. | उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्दन शाखा प्रमुख श्री | सदस्य-सचिव | ९८५६०७५६७४ |

| | | | |
|---|---|---|---|
| | राजेन्द्र कार्की | | |

**२. सामाजिक विकास समिति**

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | वडाध्यक्ष, श्री काजिमान श्रेष्ठ, व्यास १४ | संयोजक | ९८४६०४३३५२ |
| २. | कार्यपालिका सदस्य, श्री कमलादेवी घर्ती, व्यास १३ | सदस्य | ९८४६०९२२३० |
| ३. | कार्यपालिका सदस्य,श्री किस्ना दुरा गुरुङ्ग, व्यास १ | सदस्य | ९८४६०६२४४० |
| ४. | कार्यपालिका सदस्य, श्री चेत बहादुरदरै, व्यास १० | सदस्य | ९८५६०६११५३ |
| ५. | स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख श्री प्रमोद सोती | सदस्य | ९८५६०६४६५५ |
| ६. | शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख, श्री नविन पराजुली | सदस्य-सचिव | ९८५६०६३५७७ |

**३. वन, वातावरण तथा विपद व्यवस्थापन समिति :**

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | कार्यपालिका सदस्य, श्री रनसिं नेपाली, व्यास ११ | संयोजक | ९८४६१६५८३२ |
| २. | वडा सदस्य, श्री दधिराज घिमिरे, व्यास ३ | सदस्य | ९८५६०५५०५३ |
| ३. | वडा सदस्य, श्री सरोज भण्डारी, व्यास ४ | सदस्य | ९८५६०६२४०२ |
| ४. | वडा सदस्य, श्री राजकुमारी सेढाई, व्यास १२ | सदस्य | ९८४६५७९१५४ |
| ५. | वन वातावरण तथा सरसफाई शाखा प्रमुख, श्री भाग्यशाली ढुंगाना | सदस्य-सचिव | ९८४६०६२०८७ |

**४. सुशासन तथा संस्थागत विकास :**

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | वडाध्यक्ष, श्री सुरेश थापा, व्यास ९ | संयोजक | ९८४६१३१८६९ |
| २. | वडाध्यक्ष, श्री कृष्ण प्रसाद न्यौपाने, व्यास ७ | सदस्य | ९८५६०६००३२ |
| ३. | वडा सदस्य, श्री ईश्वर पौडेल, व्यास १० | सदस्य | ९८५६०६०९६८ |
| ४. | वडा सदस्य, श्री बिनु श्रेष्ठ, व्यास ३ | सदस्य | ९८४६७०१३७२ |
| ५. | प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख, श्री रामचन्द्र हड्खले | सदस्य-सचिव | ९८५६०६००८६ |

**५. विद्यायन समिति :**

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | वडाध्यक्ष, श्री खेमराज पोखेल, व्यास १० | संयोजक | ९८४६०५५२५१ |
| २. | वडा सदस्य, श्री दुर्गाबहादुर आले, व्यास १४ | सदस्य | ९८१६११५२९८ |
| ३. | सूचना प्रविधि शाखा प्रमुख, श्री गोकर्णराज बाग्ले | सदस्य-सचिव | ९८४६०३७२७० |

**६. पूर्वाधार विकास समिति :**

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | वडाध्यक्ष, श्री मनबहादुर गुरुङ्ग, व्यास ४ | संयोजक | ९७४८४३४९०४ |
| २. | वडाध्यक्ष, श्री दलबहादुर दुरा, व्यास ११ | सदस्य | ९७४८४३४९११ |
| ३. | कार्यपालिका सदस्य, श्री नरीमाया राना, व्यास १४ | सदस्य | ९८४६२४४४३१ |
| ४. | वडा सदस्य श्री यज्ञप्रसाद शर्मा, व्यास १० | सदस्य | ९८४६७४५४५५ |
| ५. | भवन नियमन तथा घर नक्सापास शाखा प्रमुख श्री अमृत के.सी. | सदस्य | ९८४६०५४०११ |

| | | | |
|---|---|---|---|
| ६. | योजना तथा पूर्वाधार विकास शाखा प्रमुख, डा.राजु पौडेल | सदस्य-सचिव | ९८५६०५०३७६ |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ६ (१) बमोजिम निम्नानुसार कृषि व्यवसाय प्रवर्द्धन समिति गठन गर्ने र श्रावण महिनाभित्रै कृषि व्यवसायीहरुसँग अन्तरक्रियात्मक छलफल समेत गर्ने निर्णय गरियो ।

(क) अध्यक्ष – नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने

(ख) सदस्य – प्र.प्र.अ. श्री गंगालाल सुवेदी

(ग) सदस्य – आर्थिक समिति सदस्य श्री विष्णु कुमार श्रेष्ठ (हिमाल)

(घ) सदस्य – कृषि विज्ञ श्री बुद्धिमान श्रेष्ठ- व्यास ४

(ङ) सदस्य – किसान प्रतिनिधि श्री कालिका पौडेल- व्यास १०

(च) सदस्य – नगरस्तरीय खाद्य सुरक्षा संयोजक श्री खेमराज अधिकारी, व्यास १

(छ) सदस्य सचिव – कृषि, पशु तथा सहकारी शाखा प्रमुख डा. मनोज वि.क.

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा राजश्व शाखाले पेश गरेको आय संकलन कार्यतालिका पारित गरियो । सो कार्यतालिका अनुसार २०८० पौष मसान्तसम्म व्यवसाय कर, सम्पत्ति करमा जरिवाना छुट भएकाले अभियानका रुपमा कर संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:**प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस अधिको निर्णय संशोधन गरी मादी र सेती नदीमा प्रारम्भिक वातावरणीय प्ररिक्षण प्रतिवेदनको आधारमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८० अनुसार व्यास नगरको आर्थिक ऐन, २०८० ले तोकेको दररेट (रु ९) का आधारमा तपसिल बमोजिम नदिजन्य सामाग्री (गिट्टी, बालुवा, ढुङ्गा) टेण्डर प्रक्रियामा शिघ्र जाने निर्णय गरियो ।

| सि.नं | सूचना/बोलपत्र नंम्बर | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (कर वाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | 04/VYASREV/080/081 | मादी नदीको ढुङ्गा, गिटी, वालुवा ( चापाघाट मादीको पक्की पुलदेखिसिसाघाट पक्कि पुल सम्म) | ४६,५४,८०१।३२ | ३,६५,८६,७३८।३८ | १०,९७,०००।०० | ५,०००।०० (पाच हजार मात्र) |
| २ | 05/VYASREV/080/081 | मादी/सेती नदीको ढुङ्गा,गिटी,वालुवा व्यास, १३ ( निउरोघारी देखि खहरे डाढखोलासम्म) | १२,८५,८७७५३ | १,०१,०६,९९७३९ | ३,०३,०००।०० | ३,०००।०० (तिन हजार मात्र) |

**निर्णय नं.८:**प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा पत्रपत्रिका लगायतका संचार माध्यम मार्फत नगरको तर्फबाट दिइने लोक कल्याणकारी विज्ञापनलाई व्यवस्थित ढंगले वितरण गर्नका लागि पत्रकार महासंघ प्रतिनिधिसँग समेत समावेश गरी आगामी कार्यपालिका बैठकमा कार्यविधिको मस्यौदा पेश गर्न विद्यायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा लामो समयसम्म नगरपालिकामा करारमा कार्य गर्ने कर्मचारीहरुलाई उपलब्ध गराउने आर्थिक सहायताको कार्यविधिको मस्यौदा तयार गरी पेश गर्न विद्यायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारले जारी गरेको विद्यालय सुपरिवेक्षक तथा पेशागत सहायता निर्देशिका, २०८० अनुसार व्यवस्था भएका प्रावधानहरु क्रमशः

कार्यान्वयन गर्ने र विद्यालय अनुगमन एवं शिक्षण सहायता कार्यक्रमलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्रका सामुदायिक, संस्थागत विद्यालयहरुको यस वर्षको कक्षा ११ को पठनपाठन कार्य दिवा समयमा सञ्चालन गर्न निर्देशन दिने निर्णय गरियो । तत्काल भौतिक अवस्थाको कारण बिहान कक्षा वा बैकल्पिक समयमा संचालन गर्नु पर्ने बाध्यात्मक अवस्थाभएमा न्यूनतम ४५ मिनेटको दैनिक ६ पिरियड सञ्चालन गर्ने गरी औचित्यपूर्ण प्रस्ताव पेश गरी स्वीकृति लिन सम्बन्धित विद्यालयलाई शिक्षा तथा सामाजिक शाखा मार्फत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा वडा नं.७ मा रहेको जिल्ला प्रहरी कार्यालय मातहतको प्रहरी इकाइको कार्यालय स्थानान्तरण गरी सञ्चालनका लागि नगरपालिकाले खर्च लेख्ने गरी कायम भएको घरभाडा रकममालाग्ने बहाल कर समेत मासिक रू.२७,८००।- (कर समेत) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा भूमि इकाइ अन्तर्गत कार्य गर्ने गरी छनौट गरिएको निम्न लिखित कर्मचारीहरुलाई २०८० श्रावण महिनादेखि हाललाई २०८० पौष मसान्तसम्म काममा लगाउने निर्णय गरियो ।

(१) तथ्याङ्क संकलक/कम्प्युटर अप्रेटर श्री अस्मिता पौडेल
(२) तथ्याङ्क संकलक/कम्प्युटर अप्रेटर श्री सविया बेगम

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुले स्वेच्छिक रुपमा कर्मचारी संचय कोषमा रकम जम्मा गर्न चाहेमा नगरपालिकालाई आर्थिक भार नपर्ने गरी कोषकट्टी गरी जम्मा गर्न व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा वडा नं. ३ को बजार क्षेत्रमा वेवारिशे रुपमा हिडडुल गर्ने एक अपरिचित महिलालाई मानसिक उपचार समेत गर्ने गरी जिल्ला प्रहरी कार्यालय तनहुँको समन्वयमा नगरपालिकाले हाललाई रू.१५,०००।- रकम आर्थिक सहायता दिई काठमाण्डौंमा रहेको कोशिश नेपाल नामक संस्थामा पठाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदातत्काल सम्बोधन गर्नुपर्ने विपदजन्य तथा अत्यावश्यक निम्न लिखित कार्यक्रममा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | जुडेपानी खानेपानी मर्मत | ४ | ५०,०००। | खानेपानी |
| २. | साँगे पतेनी नहर मर्मत संहार | ५ | ५०,०००। | सिचाई व्यवस्थापन |
| ३. | सरस्वती पौडेल, बुद्धिसागर पौडेल घर संरक्षण | ५ | १०,०००। | विपद |
| ४. | राजेश गुरुङ्ग घर संरक्षण पहिरो नियन्त्रण | ६ | ५०,०००। | विपद |
| ५. | शेरा उपल्लो कुलो पाइप खरिद | ७ | ४३,५००। | विपद |
| ६. | कुशुमदेवी पौडेल कुलो मर्मत संहार | ८ | १५,०००। | विपद |
| ७. | भैंसी मरी विपद भएकाले राहत | ९ | २०,०००। | विपद |
| ८. | भुमिश्वर पौडेल, आगलागी विपद राहत | १० | १५,०००। | विपद |
| ९. | बद्रिनाथ न्यौपाने, जर्सीगाई अचानक मृत्यु राहत | १० | २०,०००। | विपद |
| १०. | शौचालय पैह्रो क्षती मर्मत निर्माण | १३ | १०,०००। | विपद |
| ११. | भानु खुला फूटवल प्रतियोगिता सहयोग | भानु १ | ३५,०००। | खेलकूद सहयोग |
| | | **जम्मा :** | ३,१८,५००। | |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा जिल्ला प्रशासन कार्यालय, तनहुँले पठाएको भाडादर लागू गर्न सबै वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा नगरका वडाहरुमा साबुन, सरफ बनाउने तालिम दिने प्लान स्टार सानो संसार स्किल डेभलपमेन्ट नामक संस्थाको प्रस्ताव स्वीकृत गर्ने र कार्यक्रम संचालन हुदा वडा कार्यालयबाट अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदाश्री उदय मा.वि. वडा नं.५ को प्रधानाध्यापक पदमा शिक्षक श्री हरिराज काफ्लेलाई नियुक्त गरी अनुमोदनका लागि पेश हुन आएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा गत आवको पेश्की रकमबाट नियमित जाँच गरिरहेका गर्भवतीहरुलाई कार्यविधि बमोजिम गर्भवती पोषण कार्यक्रमको रकम नियमानुसार भुक्तान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा नेपाल विद्युत प्राधिकरण, तनहुँ शाखासँग समन्वय गरी काठेपोल विस्थापन, नयाँ लाइन विस्तार, कालो तार व्यवस्थापन लगायतका कार्यहरु गरी विद्युत सेवालाई व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा चुनढुङ्गा विकी वितरणको परिणाम र मूल्यका विषयमा सहजीकरण गर्न नगर सभाले तोकेको दर अनुसार ६ चक्के ट्रिपरको रू.११००।-, १० चक्के ट्रिपरको रू.१६००।-, १२ चक्के ट्रकको रू.१९००।- र १४ चक्के ट्रकको प्रति ट्रिप क्रमश रू.२५००।- को दरले रकम लिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा वडागत रुपमा वडा-वडाले कर्मचारी, टोल विकास संस्था तथा अन्य आवश्यक जनशक्ति परिचालन गरी कार्यपालिकाले तोकेको मापदण्ड अनुसार गरिवीको तथ्याङ्क लिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुँदा तोकिएको समयावधि सकिएको र निस्कृय टोल विकास संस्थाहरुको कार्यविधि अनुसार समितिको पुर्नगठन गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा करारमा कार्यरत ईन्जिनियर कमल शर्माको ३५ वर्षको उमेरमा असमायिक निधन भएकाले निजको एक मात्र छोराको अध्ययन कार्यमा पछिसम्म सहयोग पुगोस् भनी नगरको तर्फबाट सम्बन्धित शीर्षकबाट रू.३,००,०००। (तीन लाख) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा नगरको शहरी क्षेत्रमा लागू औषध, दुर्व्यसनीहरु बढ्दै गएको विवरण प्राप्त भएको एवं अस्वाभाविक गतिविधिहरु गरेको पाइएकोले जिल्ला प्रहरी कार्यालय, तनहुँ, सामुदायिक तथा संस्थागत विद्यालयहरु, टोल विकास संस्था, स्वास्थ्य कार्यालय, तनहुँ नगरपालिका र सरोकारवाला पक्षहरु समेतको संलग्नतामा दुर्व्यसन नियन्त्रण सम्बन्धी अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा देशभर डेंगी रोगको प्रकोप बढेकोले नगरवासीलाई सरसफाईमा विशेष ध्यान दिन टोल विकास संस्थाहरु मार्फत सूचित गर्ने एवं नगरपालिकाले सन्देशमुलक सूचना सहित माइकिङ गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा वडा नं.३ मा रहेको कृषिउपज संकलन केन्द्र प्रयोग विहिन अवस्थामा रहेकोले के कसरी प्रयोग गर्दा उत्तम हुन्छ अध्ययन गरी सुझाव पेश गर्न आर्थिक विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा नगरक्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरु मध्ये ७ वटा आयुर्वेदिक पसलहरुमा अनुगमन गरेकोमा ७ वटै संस्थाहरुमा कुनै न कुनै मापदण्ड पालना नगरेकोले पूर्ण वा आंशिक रुपमा ताला लगाईएको र नियमले दिएको सेवा मात्र प्रवाह गर्न सम्बन्धित स्वास्थ्य संस्थालाई निर्देशन दिने, मापदण्ड पुऱ्याई दर्ता/सूचिकृत हुन निर्देशन दिई स्वास्थ्य संस्था लगायत अन्य व्यवसायिक संस्थाहरु नियमानुसार दर्ता सूचिकृत गर्न अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा नगरमा क्रियाशिल युवा क्लव, आमा समूह लगायतका संघ/संस्थाहरु नियमानुसार दर्ता एवं नविकरण गराउन वडा कार्यालय मार्फत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा आर्थिक कारोवार गर्ने सबै प्रकारका व्यवसायहरु भुक्तान लिंदा वा कार्यक्रम सञ्चालन गर्दा वा सहयोग माग गर्दा नियमानुसार नगरपालिकामा दर्ता सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं. ३२ का सम्बन्धमा छलफल हुँदा ३९ औं नगर सभाबाट पारित प्रस्ताव समेतका आधारमा व्यास नगरपालिका साझेदारी विकास कोष सञ्चालन कार्यविधि, २०७८ लाई निम्नानुसार संशोधन गर्ने प्रस्ताव पारित गरियो ।

**१. कार्यविधिको दफा ८ (क) लाई पछि थप**

"(ख) २०७६ साल पुषमसान्त अगाडि लगानी पश्चात साँवा-व्याज असुल गर्दा ऋणी वेपत्ता भएका, दामासाहीमा परेका वा विशेष कारणवस व्याज हर्जना बुझाउन नसक्ने ऋणीहरुको हकमा व्याज र हर्जना मात्र मिनाहा दिन सकिनेछ । सो सम्बन्धमा अनिवार्य रुपमा कार्यपालिका मार्फत अनुमोदनको लागि सभामा पेश गर्नु पर्नेछ ।"

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ का लागि तनहुँ जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत दररेटलाई यस नगरपालिकाभित्र लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.३४:** प्रस्ताव नं. ३४ का सम्बन्धमा छलफल हुँदा ३९ औं नगर सभाबाट पारित निम्नानुसार थप तलव भत्ता सुविधा यसै आ.व. देखि उपलव्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विवरण | संघबाट | न.पा.बाट थप | जम्मा पाउने |
|---|---|---|---|---|
| १. | विद्यालय सहयोगी तलव सुविधा | ८०००/- | ६५००/- | १४,५००/- |
| २. | लेखापाल तलव सुविधा | १३,५००/- | ४,०००/- | १७,५००/- |
| ३. | बालविकास शिक्षक तलव सुविधा | १०,०००/- | ७,१००/- | १७,१००/- |
| ४. | प्रा.वि. प्रधानाध्यापक भत्ता सुविधा | २००/- | ३००/- | ५००/- |
| ५. | आधारभुत तह प्र.अ. भत्ता सुविधा | ३००/- | ४००/- | ७००/- |
| ६. | माध्यमिक विद्यालय प्र.अ. भत्ता सुविधा | ५००/- | ५००/- | १०००/- |

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा भूमि इकाई अन्तर्गत जग्गा नापजाँचको लागि आवश्यक डि.जि.पि.एस. उपकरण खरिदको लागि दरभाउपत्र प्रकाशित गरिएकोमा दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये श्री स्मार्ट डिजाइन कन्सर्न प्रा.लि., काठमाण्डौंले कबोल गरेको (मु.अ. कर समेत) रु.१३,७०,०००। अंकको दरभाउ स्वीकृतको लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई ठेक्का सम्झौता भएकोमा उक्त ठेक्का स्वीकृत गरी सम्झौता प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा भूमि इकाई अन्तर्गत जग्गा नापजाँचको लागि जग्गा नापजाँचका लागि सर्वेयरको खुला परीक्षा लिई छनौट भएका उमेदवारहरुलाई काममा लगाउन डि.जि.पि.एस. नभएकोले नियुक्ति दिन बाँकी भएकोले उक्त मेसिन खरिद भएको हुँदा छनौट भएका उमेदवारहरुलाई २०८० श्रावण मसान्तभित्र काममा लगाउने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७:** प्रस्ताव नं. ३७ का सम्बन्धमा छलफल हुँदा हाल व्यास नगरपालिका वडा नं.४ बस्ने श्री दुर्गाबहादुर थापा मगरलाई २०८० जेष्ठ ३ गते सम्झौता गरी आषाढ मसान्तसम्म मात्र घुम्ती शौचालय सञ्चालन गर्न दिइएकोमा मर्मत संभार गर्नुपर्ने कारणले रोकिएको हुँदा मर्मत गरी यस आ.व.२०८०/०८१ को लागि सोही सम्झौताका शर्तका अधिनमा रही सञ्चालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.३८:** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मा तनहुँ हाइड्रोपावरको ड्याम बनाउने क्रममा निस्किएको मक, डस्ट (ढुंगा, गिट्टी, धुलो) नजिकको सामुदायिक बन तथा सेती नदी किनारमा फालिएको हुदा नगरको आर्थिक ऐन, २०८० अनुसारको शुल्क लिई आ.व.०८०/०८१ का लागि नियमानुसारको दस्तुर लिई उचित व्यवस्थापन र नियमनका लागि व्यास ५ का वडाध्यक्ष र वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।